लुम्बिनी प्रदेश सरकार

# कृषि, भूमि ब्यवस्था तथा सहकारी मन्त्रालय

राप्ती उपत्यका (देउखुरी) नेपाल

## "दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान"का लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति :२०८१/१०/१६ गते

यस मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान" कार्यक्रममा यस प्रदेशका किसानले उत्पादन गरेको दुध संकलन तथा प्रशोधन गरी उत्पादित नौनी, घ्यू, छुर्पी, चीज तथा धुलो दुध (Whole Milk Powder/Skimmed Milk Powder) निर्यातमा संलग्न लुम्बिनी प्रदेशमा स्थापित ईच्छुक डेरि उद्योग/ कम्पनी/ निर्यातकर्ता/ ब्यवसायीले "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१" बमोजिम मापदण्ड पालना गरी दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि उल्लेखित वस्तुहरु अन्य मुलुकमा निर्यात गरेको प्रमाण र आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र यस मन्त्रालयमा अनुसूचि-३४ अनुसार आवेदन र अनुसूचि ३६ बमोजिमको संक्षिप्त ब्यवसायिक कार्य योजना सहित शिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। प्रस्तावको साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा र ब्यवसायिक कार्य योजना यस मन्त्रालयको वेवसाइट www.molmac.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका आवेदनहरुलाई कार्यक्रममा समावेश गरिने छैन। थप जानकारीको लागि यस मन्त्रालयका बरिष्ठ पशु विकास अधिकृत डा. हरि नारायण प्रसाद थारु मोबाईल नं. ९८६७१४९१५२ मा सम्पर्क गर्न सकिनेछ।

**आवेदनसँग संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू**

१. प्रस्तावकको निबेदन (अनुसूची-३४) र संक्षिप्त ब्यवसायीक कार्य योजना (अनुसूची-३६) अनुसारको।
२. समुह/सहकारी/निजी फार्म/कम्पनी दर्ता र नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्वर प्रमाण-पत्र तथा गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. निर्यात गर्दा भन्सार कार्यालयले उपलब्ध गराएको परिमाण खुलेको विल/विजक तथा प्रतितपत्र (Letter of Credit) को प्रतिलिपि र Custom Clearance Form .
५. धुलो दुध (WMP/SMP) उत्पादन गर्ने उद्योगको हकमा दुध संकलन वा दुध खरिद गरेको प्रमाणित प्रतिलिपि।
६. किसान/सहकारीबाट दुध खरिद गरि धुलो दुध उत्पादन उद्योगमा दुध पठाउने डेरि उद्योगको हकमा धुलो दुध उद्योगले प्रमाणित गरेको धुलो दुधको परिमाण खुलेको कागजात।
७. नौनी, घ्यू, छुर्पी, चिज तथा धुलो दुध निकासी गर्ने उद्योगले आफुले उत्पादन गरेको वा खरिद गरेको प्रमाण।